# अमेरिका नेपाल सहयोगी समाजद्वारा सञ्चालित

# २०७२ का भूकम्पपीडित राहत वितरण र सहयोग कार्यक्रम

# प्रतिवेदन



**प्रस्तुतकर्ताः**

सागर कँडेल

पदम रेग्मी

# भूमिका

नयाँवर्ष २०७२ सालको सुरुवातमै मातृभूमि नेपाल आमामाथि परेको प्राकृतिक विपत्तिको घाउमा थोरै भए पनि मल्हम लगाउने उद्देश्यले यस अमेरिका नेपाल सहयोगी समाजले गरेको सहयोगको निर्णयसँगै नेपाल गएको हाम्रो टोलीले भूकम्पबाट पीडित विभिन्न जिल्लाहरुमा गएर राहत वितरण गरेको यहाँहरुलाई जानकारी गराउन चाहान्छौं । यस सहयोगी समाजमार्फत् सहयोगका लागि अमेरिकामा रहेर १८ देखि २० घन्टा काम गरेर जम्मा गरेको रकम नेपालमा परेको विपत्तिबाट पीडितका लागि प्रदान गर्नुभएकोमा समाजका सदस्य साथीहरुका साथै सम्पूर्ण दाताहरुप्रति समाज हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछ ।

साढे आठ हजार भन्दा बढीको ज्यान लिएको विनाशकारी भूकम्पले करिब २ लाख घरपरिवार नेपाली दाजुभाईहरु घरबारबिहीन भएको अवस्थामा सम्पूर्ण भूकम्पपीडितलाई सहयोग गर्न नसके पनि समाजले सकेसम्म बढी प्रभावित क्षेत्रमा पुगेर राहत वितरण गरेको यहाँहरुलाई जानकारी दिन चाहान्छौं, र हाम्रो राहत वितरणको कार्यक्रमको प्रतिवेदन नेपालका सम्माननीय राष्ट्रपति डा. रामवरण यादव र सम्माननीय प्रधानमन्त्री सुशील कोइरालासमक्ष पनि प्रस्तुत गरिएको जानकारी यहाँहरु समक्ष राख्न चाहन्छौं ।

हामी नेपाल पुगेपछि यस अमेरिका नेपाल सहयोगी समाजप्रति सद्भाव राख्ने नेपाली स्वयंसेवकहरुको अमूल्य सहयोगका लागि नतमस्तक छौं । विशेष गरी हाम्रो राहत वितरणको अभियानलाई सफल बनाउनका लागि राहत वितरण स्थान पहिचान, सामग्रीको खरिद, ढुवानी र वितरणको व्यवस्थापन गर्नेदेखि लिएर हामी नेपालमा रहँदासम्म कुनै पनि सहयोग गर्ने विष्णु पन्थी, प्रदीप रिजाल, मणिराम कँडेल, सुन्दर प्रसाद पाण्डे, शंकर कँडेल, देवी सापकोटा र नारायण कँडेल पनि राहत वितरण कार्यक्रमका धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, राहत वितरण कार्यक्रमको सम्पूर्ण तथ्यांक संकलन गरी यस प्रतिवेदन तयार गर्नका लागि सहयोग गर्ने नेपालस्थित स्वयंसेवकद्वय मणिराम कँडेल र सुन्दर प्रसाद पाण्डेलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

पदम रेग्मी  सागर कँडेल

## १. परिचय

२०७२ साल वैशाख १२ गते दिउँसो ११:५६ बजे नेपालको गोरखा जिल्ला बारपाक क्षेत्रलाई केन्द्रविन्दू बनाएर आएको ७.८ रेक्टर स्केलको भूकम्पले नेपालमा ठूलो संकट निम्त्यायो । हजारौं व्यक्तिको अकालमा मृत्यु भयो, हजारौं पशुपंक्षीहरु पुरिए, लाखौं घर ध्वस्त भए र हजारौं मानिसहरु घाइते भए । भूकम्प आएसँगै सञ्चार माध्यम र आफन्तजनहरुमार्फत विदेशमा रहेका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुलगायत संसारले नेपालको विनाशबारे थाहा पाउन धेरै समय लागेन । जसका कारण विनाशको सामना गर्ने नेपाली मात्र नभएर संसार नै भावविह्वल हुन पुग्यो ।

नेपाल र नेपालीहरुको हितका लागि स्थापना गरिएको अमेरिकास्थित अमेरिका नेपाल सहयोगी समाजका सदस्यहरुले नेपाल आमालाई परेको यस विषम परिस्थितिका बेला आफ्नो तर्फबाट स्वःस्फूर्त रुपमा यस महाभूकम्पीय विपत्तिका घाउमा मल्हम लगाउने बारेमा छलफल गरी तत्काल पीडितहरुलाई राहत एवं पुर्नवासका लागि सहयोग गर्ने र ध्वस्त भएका सांस्कृतिक र पुरातात्विक संरचनाहरु पुर्ननिर्माणका लागि भरपूर सहयोग गर्ने निर्णय गऱ्यो । साथै विदेशी भूमिमा संघर्ष गर्दै नेपाल र नेपालीलाई माया गर्नेहरु संस्थामा आबद्ध एवं अन्य आदरणीय व्यक्तित्वहरुबाट सहयोग लिई उक्त सहयोग रकम र अत्यावश्यक उपयोगका सामग्रीहरु विनाशबाट प्रत्यक्ष रुपमा असर परेका नेपालीका लागि राहतस्वरुप प्रदान गर्नका लागि संस्थाका दुई प्रतिनिधिका रुपमा सागर कँडेल र पदम रेग्मीका साथै एक चिकित्सक पनि अमेरिकाबाटै नेपाल पठाउने निर्णय गरिएको थियो ।

यस विपत्तिलाई मध्यनजर गर्दै भूकम्पका पीडितहरुलाई राहत वितरण, औषधी उपचार गर्ने, नेपाल र नेपालीको दुखेको मनमा संस्थाको तर्फबाट मल्हमपट्टी गर्ने उद्देश्यका साथ नेपाल जाने प्रतिनिधिहरु जानूपूर्व समाजका सदस्य एवं अन्य अमेरिकाबासी सहृदयी मित्रहरुबाट राहत जुटाइएको यहाँहरुलाई सर्वविदितै छ ।

नेपालमा गई भूकम्प पीडितहरुलाई प्रत्यक्ष रुपमा संस्थाकै प्रतिनिधिहरुको रोहबरमा राहत वितरण गर्ने एवं मुख्य रुपमा राहत आवश्यक पर्ने क्षेत्रको पहिचान गर्ने र राहत वितरणका सम्पूर्ण कार्यका लागि नेपालस्थित पिस एण्ड डेभलपमेन्ट स्टडिजका मणिराम कँडेल, नेम इन्स्टिच्यूटका डा. नविन शर्मा, चार्टड एकाउन्टेन्ट नारायण कँडेल, सञ्चारकर्मी एवं अधिवक्ता सुन्दर प्रसाद पाण्डे, विष्णु

पन्थी, प्रदीप रिजालको सहयोग लिने निर्णय सँगसँगै नेपाल जानुपूर्व नै ति व्यक्तिहरुसँग वार्तालाप भईरहेको थियो ।

## २. अमेरिका नेपाल सहयोगी समाजका प्रतिनिधिहरु नेपाल पुगिसकेपछि गरेका क्रियाकलापः

राहत वितरणलाई सहज बनाउनका लागि उल्लेखित व्यक्तिहरुसँग प्रत्यक्ष साक्षात्कार गर्दै योजना बैठक बसी समाजका तर्फबाट गरिने राहत वितरणका रणनीति बनाइयो । उक्त रणनीति यस प्रकार थिए:

क. राहत वितरण स्थान पहिचान गर्ने

ख. सरकारी निकाय एवं स्थानीय संघसंस्थाहरुसँग समन्वय गर्ने

ग. पीडितहरुलाई समान रुपमा राहत वितरण गर्ने

घ. राहतमा चामल, दाल, तेल, नुन, पाल, कम्बल र औषधी उपचारको व्यवस्था गर्ने

ङ. राहत वितरणमा प्रत्यक्षरुपमा स्थानीय स्वयंसेवकहरुको परिचालन गर्ने

च. राहत वितरण सहज, सरल र प्रभावकारी बनाउनका लागि विभिन्न समूह बनाउने

## ३. गठन गरिएका समूहहरु

### क. सरकारी निकायसँगको सहजीकरण र समन्वय समूह

भूकम्पका कारण क्षतविक्षत भएका गाउँ बस्तीहरुको पहिचान र तत्काल राहत पुऱ्याउनका लागि नेपाल सरकारले जिल्ला तहमा गठन गरेको दैवी प्रकोप उद्धार समितिसँग सहजीकरण गरेर मात्र हाम्रा कार्यक्रम अगाडि बढाउनुपर्ने भएकोले सो कामका लागि निम्न व्यक्तिहरुको रहेको एक समूह गठन गरियो ।

अ. प्रदीप रिजाल

इ. विष्णु पन्थी

ई. नविन शर्मा

### ख. प्रबन्ध (Logistic) व्यवस्थापन समूह

राहत वितरणका लागि आवश्यक सर-सामान, खाद्यान्न र यातायात व्यवस्थापनका साथै सामान खरिद र ढुवानीका लागि निम्न व्यक्तिहरुको समूह गठन गरियो ।

अ. मणिराम कँडेल

आ. सागर कँडेल

इ. नारायण कँडेल

**ग. स्थानीय स्तरमा सहजीकरण र युवा परिचालन समूह**

राहत वितरणका लागि गाउँस्तरमा जाँदा स्थानीय संघ संस्था साथै राजनैतिक दल र सही स्वयंसेवक पहिचान एवं व्यवस्थापनका लागि निम्न सदस्यहरु रहेको समूह गठन गरियो ।

अ. प्रदीप रिजाल

इ. विष्णु पन्थी

ई. मणिराम कँडेल

**घ. औषधी उपचार समूह**

राहत वितरणका साथै स्थानीय पीडितहरुलाई सामान्य औषधी उपचार गर्ने कार्यक्रमको उद्देश्य भएको हुनाले सो कामका लागि निम्न व्यक्तिहरुको समूह गठन गरिएको थियो ।

अ. डा. मदन उप्रेती

आ. डा. दिक्षान्त प्रसाईं

इ. डा. सुविन श्रेष्ठ

**ङ. सञ्चार तथा फोटोग्राफी समूह**

राहत तिवरणका कार्यक्रमहरुलाई सञ्चारमाध्यममा पुऱ्याउन, समाचार संकलन गर्न र कार्यक्रमका फोटा तथा भिडियोहरु निर्माण गर्नका लागि साथै राहत वितरण कार्यक्रमका लागि खटिएका स्वयंसेवक तथा समूहहरुबीचको सञ्चार कायम राख्ने जिम्मेवारीका साथ निम्न व्यक्तिहरु रहेको समूह गठन गरियो ।

अ. सुन्दर प्रसाद पाण्डे

आ. रोविन दाहाल

### च. आर्थिक व्यवस्थापन समूह

राहत वितरणका समयमा आर्थिक कारोबार सञ्चालन एकद्वार प्रणालीलाई अवलम्बन गर्दै सो को व्यवस्थपन र सञ्चालनका लागि निम्न व्यक्तिहरुको समूह गठन गरिएको थियो ।

अ. पदम रेग्मी

आ. सागर कँडेल

यस प्रकार कार्यविभाजन गरी समूह गठन गरी सकेसम्म सबै समूहका सबै सदस्यहरुको कार्य क्षेत्र निर्धारण भएअनुसार कार्यक्षेत्रमा गर्नुपर्ने आ-आफ्नो जिम्मेवारी पूरा गर्ने र काम अगाडि बढाउने निर्णय गरिएको थियो ।

## ४. राहत वितरणस्थल पहिचान

भूकम्पको सम्पूर्ण प्रभावित क्षेत्रमा पुगी राहत वितरण गर्न असम्भवप्रायः नै भएकाले अमेरिका नेपाल सहयोग समाजको भूकम्प पीडित राहत वितरण कार्यक्रम सम्पन्न गर्नका लागि गठन गरिएको सरकारी निकायको सहजीकरण र समन्वय समूहको संयोजकत्वमा हालसम्म राहत नपुगेका एवं बढी प्रभावित क्षेत्रहरुमा निम्न स्थानहरुमा राहत वितरण गरिएको थियो ।

क. सिपापोखरे गाविस, सिन्धुपाल्चोक

ख. जफे गाविस वडा नं. ४, दोलखा

ग. तलाखु गाविस, नुवाकोट

घ. लालीगुराँस प्रा.वि., मेलम्ची-८, सिन्धुपाल्चोक

ङ. रक्तदान

च. पालुङटार-८, गोरखा

छ. पवित्र समाज सेवा, काठमाडौं

ज. बाघ भैरव उच्च मावि, ठोकर्पा सिन्धुपाल्चोक

झ. मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

ञ. तार्केश्वर नगरपालिका, काठमाडौं

## ५. राहत वितरणका कार्यक्रमहरु

### क. सिपापोखरे गाविस, सिन्धुपाल्चोक

सिन्धुपाल्चोक जिल्लाको यस विकट गाविस सिपापोखरेमा २०७२ साल बैशाख १२ गते गएको भूकम्पले पुऱ्याएको क्षति र पीडाको कल्पनासम्म पनि गर्न सकिँदैन । गाविसका ९५ प्रतिशत भन्दा बढी घरहरु ध्वस्त भएका थिए । उक्त गाविसमा मात्रै १०४ भन्दा बढीको मानिसहरुको ज्यान गएको थियो भने सयौं पशु चौपायाहरुसमेत मारिएका थिए । आफ्नै घरले पुरिएर आफन्तको लाससमेत नभेटेका र घरबास गुमाईसकेका स्थानीय जनताहरु राहतको पर्खाइमा आकुल-व्याकुल र त्रासपूर्ण वातावरणमा बाँचिरहेको बेला अमेरिका नेपाल सहयोगी समाज उक्त गाउँमा जाने निर्णय गरेको थियो । समाजले स्थानीय सिन्धु उत्थान केन्द्रको सहसंयोजनमा सिपापोखरेमा राहत वितरण गरेको थियो ।




समाजले गाविसका ७ सय बढी घरपरिवारलाई समान रुपमा ३० केजी चामल, एक थान टेन्ट, एक थान कम्बल, ३ केजी दाल, एक/एक प्याकेट नुन र तेल वितरण गरेको थियो ।

समाजले सिपापोखरेलाई स्थानीय भद्र भलाद्मी अनि सिन्धु उत्थान केन्द्रका सदस्यहरुको भेलामार्फत तत्कालका लागि 'नो हंगर' (No Hunger) क्षेत्रका रुपमा घोषणा समेत गरिएको थियो । सो गाउँको राहत वितरणमा सिन्धु उत्थान केन्द्र र स्थानीय युवाहरुले गरेको ऐक्यबद्धता र अमूल्य सहयोगलाई मध्यनजर गर्दै सो क्षेत्रका युवालाई प्रोत्साहन गर्नका लागि अमेरिका नेपाल सहयोगी समाजका प्रतिनिधिद्वय सागर कँडेल र पदम रेग्मीको स्वविवेकपूर्ण निर्णयमा सिन्धु उत्थान केन्द्रलाई सामूहिक खाद्यान्न भण्डारण केन्द्र निर्माणका लागि नगद रु. १०००००।- (एक लाख रुपैयाँ) सहयोग प्रदान समेत गरिएको थियो ।

**ख. जफे गाविस वडा नं. ४, दोलखा**

जिल्लाको जफे गाविस वडा नं. ४ का स्थानीय भूकम्प पीडितको सहयोगार्थ समाजले १ सय ५० घरधुरीलाई त्रिपाल उपलब्ध गराइएको थियो । स्थानीयहरुले अन्य सामग्री भन्दा पनि खुला आकाशको बासबाट रात काट्नुपर्ने समस्याबाट मुक्ती पाउनका लागि समाजलाई आग्रह गरे बमोजिम उक्त राहत वितरण गरिएको थियो ।

**ग. तलाखु गाविस, नुवाकोट**

भूकम्प पीडितलाई राहत वितरण गर्ने क्रममा समाजले नुवाकोट जिल्ला अर्को प्रभावित गाविस तलाखुको वडा नं. ६ स्थित दिगम गाउँलाई चयन गरेको थियो । गाविसकै सबैभन्दा विकट गाउँको रुपमा परिचित दिगम गाउँका २० घर परिवारलाई समाजले राहत वितरण गर्नका लागि काठमाडौंस्थित दुःख निवारण गुठीले सहयोग गरेको थियो ।




उक्त गाउँमा रहेका २० वटै घर ध्वस्त भएका थिए भने ३ जनाले ज्यान गुमाएका थिए । स्थानीय इरमान तामाङ र पूर्णबहादुर तामाङमार्फत् उक्त गाउँका लागि प्रतिपरिवार ३० केजी चामल, एक थान म्याट, र एक/एक पोका नुन र तेल प्रदान गरिएको थियो ।

### घ. लालीगुराँस प्रा.वि., मेलम्ची-८, सिन्धुपाल्चोक

भूकम्प पीडितलाई तत्कालका लागि दैनिक गुजाराका लागि मात्र नभएर समाजप्रतिको दायित्व एवं बालबालिकाको शिक्षाप्रतिको कर्तव्यबोधबाट प्रेरित भएर अमेरिका नेपाल सहयोगी समाजले सिन्धुपाल्चोकको हाल मेलम्ची नगरपालिका वडा नं ८ मा रहेको लालीगुँरास प्राथमिक विद्यालयलाई राहत उपलब्ध गराइयो । समाजले उक्त विद्यालयको क्षतिग्रस्त भवन निर्माणका लागि करिब २ लाख रुपैयाँ बराबरको राहतस्वरुप छड उपलब्ध गराइएको हो । राहत स्वरुपको छड लिएर राजधानीबाट करिब ७५ किलोमिटरको दुरीको दुर्गम गाउँमा अवस्थित सो विद्यालयसम्म पुगेका समाजका प्रतिनिधिद्वय सागर कँडेल र पदम रेग्मीले संयुक्त रुपमा व्यवस्थापन समितिका अध्यक्ष राजकुमार भट्टराईलाई उक्त छड हस्तान्तरण गर्नुभयो ।



भौगोलिक विकटताको बीचमा रहेको तत्कालीन बाँसबारी गाविस वडा नं. २ (हाल मेलम्ची नगरपालिका-८) मा रहेको लालीगुराँस प्राविलाई स्थानीयको पहलमा निजी विद्यालय समानको अंग्रेजी माध्यमद्वारा शिक्षा दिने अभिप्राय:ले स्थानीय जनश्रमदान र सहयोगबाट नै विद्यालय सञ्चालन गरिरहेको व्यवस्थापन समितिका राजकुमार भट्टराईले बताएका थिए । एक सयभन्दा विद्यार्थी रहेको उक्त विद्यालयमा समाजले प्रदान सहयोगलाई अमूल्य सहयोग भन्दै भट्टराईले सहयोगी मनलाई सन्तुष्ट बनाउने गरी उक्त राहतको सदुपयोग गर्ने बताए ।

**ङ. रक्तदान**

भूकम्पबाट घाइते भएकाहरुको उपचारार्थ समाजले नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा काठमाडौंको भृकुटीमण्डपमा रक्तदान कार्यक्रमको आयोजना गरियो ।




उक्त रक्तदान कार्यक्रममा समाजका प्रतिनिधिद्वय सागर कँडेल, पदम रेग्मीलगायत नेपालस्थित समाजका प्रनिनिधि, अमेरिकी नेपाल सहयोगी समाजप्रति सद्भाव राख्ने र घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै ३५ जनाले सहभागीता जनाएका थिए ।

### च. पालुङटार-८, गोरखा




समाजसेवी प्रदीप पौडेलको सक्रियतामा भूकम्पपीडितलाई ५०० अस्थायी घर निर्माण कार्यक्रमको अभियानलाई सार्थक बनाउनका लागि यस अमेरिका नेपाल सहयोगी समाजले पहिलो चरणमा निर्माण गर्न लागिएका गोरखा पालुङटार-८ उपल्लो मालतीगैराका ३५

घरधुरीलाई झ्याल र ढोका समाजका प्रतिनिधिद्वय सागर कँडेल र पदम रेग्मीद्वारा हस्तान्तरण गरिएको थियो ।

**छ. पवित्र समाज सेवा, काठमाडौं**

विगत ११ वर्षदेखि सञ्चालनमा रहेको काठमाडौंस्थित पवित्र समाज सेवाको कम्तीमा १० जना भूकम्प पीडित अभिभावकबिहीन बालबालिकालाई पालन पोषण, शिक्षा-दिक्षा दिने अभियानलाई समाजको तर्फबाट केही हदसम्म भए पनि सार्थक तुल्याउन सकियोस् भनी नगद रु. २०००००।- (दुईलाख रुपैयाँ) हस्तान्तरण गरियो ।



उक्त अवसरमा संस्थाकी दीक्षा चापागाईंले ३५ जना अभिभावकबिहीन, अभिभावक गुमाएका बालबालिका, समाजबाट प्रताडित एकल महिला एवं घर परिवारबाट बहिस्कृत वृद्धवृद्धा, अलपत्र परेका सडक बालबालिका र अपांगहरुको रेखदेख गर्दै आएको बताएकी थिइन् । अमेरिका नेपाल सहयोगी समाजको सिफारिसमा भूकम्पबाट पीडित, अभिभावक गुमाएका कोही बालबालिका भएको खण्डमा पवित्र समाजसेवाले रेखदेख गरिदिने घोषणा समेत उनले गरेकी थिइन् ।

## ज. बाघ भैरव उच्च मावि, ठोकर्पा सिन्धुपाल्चोक

सिन्धुपाल्चोकको ठोकर्पा गाविस वडा नं. २ स्थित बाघ भैरव उच्च माविका ४ सय ६४ विद्यार्थीलाई स्कुल झोला, कलम, कापीलगायतको शैक्षिक सामग्री वितरण गरियो । विनाशकारी भूकम्पका कारण भत्केका घरहरु सँगसँगै स्कुले बालबालिकाहरुको शैक्षिक कार्यक्रम पनि भग्नावशेष भित्र पुरिएका कारणले बालबालिकाहरु अत्यन्तै दुःखी भएको कुरा महसुस गर्दै विद्यालयका प्रधानाध्यापक विष्णु प्रसाद न्यौपानेले स्थानीय समाजसेवी रामप्रसाद न्यौपानेसँग सहयोगका लागि आग्रह गरेका थिए । सो आग्रह बमोजिम अमेरिका नेपाल सहयोगी समाजले विद्यार्थीका लागि केही फरक किसिमको राहतको रुपमा शैक्षिक सामग्री वितरण गर्ने निर्णय गरी उक्त विद्यालयमा पुगिएको थियो र सम्पूर्ण विद्यार्थीहरुलाई समाजका प्रतिनिधिहरु स्वयंबाट शैक्षिक सामग्री वितरण गरिएको थियो ।




खान बस्नका लागि चामल र पाल भन्दापनि साना बालबालिकाको शिक्षाका लागि झोलालगायत शैक्षिक सामग्रीको अपरिहार्यता थियो, यस अमेरिका नेपाल सहयोगी समाजले

उक्त सहयोग गरेकोमा आभार प्रकट गर्दै प्रधानाध्यापक विष्णु प्रसाद न्यौपानेले समाजलाई धन्यवाद दिए ।



यसैगरी सोही गाविसमा रहेको प्रहरी चौकीका लागि २ सेट सोलार प्यानल समाजका प्रतिनिधि र स्वयंसेवक विष्णु पन्थीमार्फत स्थानीय राम प्रसाद न्यौपानेको रोहबरमा चौकी प्रमुखलाई हस्तान्तरण गरियो ।

**झ. मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक**






सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका वडा नं. ६ टारका एक सय घरधुरी भूकम्पपीडितलाई राहतस्वरुप चामल उपलब्ध गराएको थियो । उक्त राहत वितरण कार्यक्रम समाजका स्वयंसेवक विष्णु पन्थीको सक्रियतामा भएको थियो ।

### ञ. तार्केश्वर नगरपालिका, काठमाडौं




बत्ति मुनी अँध्यारो हुन्छ, भने जस्तै राजधानीको नजिकै पर्ने काठमाडौं जिल्लाको जितपुर गाविस हाल तार्केश्वर नगरपालिका वडा नं. ७ र ८ का भूकम्पपीडित १ सय २४ सुत्केरी, गर्भवती र एकल महिलालाई राहत स्वरुप ३० केजी चामल, ३ केजी दाल, १ थान त्रिपाल, १ केजी नुन र आवश्यकता अनुसारको सर्वोत्तम पिठो प्रदान गरियो ।

### ट. प्रधानमन्त्री सुशील कोइरालासँग भेट

अमेरिका नेपाल सहयोगी समाजका प्रतिनिधिद्वय सागर कँडेल र पदम रेग्मीको संयोजकत्वमा एक प्रतिनिधिमण्डल प्रधानमन्त्री सुशील कोइरालासँगको भेटका लागि बालुवाटारस्थित प्रधानमन्त्री निवासमै पुग्यो ।




उक्त अवसरमा प्रधानमन्त्री कोइरालालाई समाजका अध्यक्ष कँडेलले भूकम्प पीडितहरुलाई समाजले वितरण गरेको राहतका बारेमा विस्तृत जानकारी गराईयो । उक्त अवसरमा कोइरालाले यस विषम परिस्थितिमा अमेरिकादेखि नेपाल आएर आफ्नो दायित्वप्रति दृढ भई काम गरेकोमा समाजलाई धन्यवाद दिए ।

## ठ. राष्ट्रपति रामवरण यादवसँग भेट

अमेरिका नेपाल सहयोगी समाजका अध्यक्ष सागर कँडेलको संयोजकतत्वमा गएको एक प्रतिनिधिमण्डलले सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसँग भेट गऱ्यो । भेटका क्रममा कँडेलले समाजका तर्फबाट गरेका सम्पूर्ण राहत वितरणका कार्यको विस्तृत विवरण राष्ट्रपति रामवरण यादवलाई जानकारी गराउनुभएको थियो ।



प्रतिनिधिमण्डलमा अध्यक्ष कँडेलसहित समाजका अमेरिकाबाट गएका प्रतिनिधि पदम रेग्मीका साथै नेपालस्थित समाजका स्वयंसेवकहरु मणिराम कँडेल, सुन्दर प्रसाद पाण्डे, शंकर कँडेल, प्रदीप रिजाल, विष्णु पन्थी, निकुञ्ज कँडेल र नारायण कँडेलको सहभागीता रहेको थियो ।